# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रको स्थलगत अध्ययनमा आधारित)

## वार्षिक प्रतिवेदन

[आ.व. २०६८/६९]

नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग
आर्थिक विकास शाखा
बालुवाटार, काठमाण्डौ ।

२०६९ मंसीर

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०६८/६९ देखि कार्यान्वयनमा ल्याएको "उपत्यका बाहिरका कार्यालयहरुद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्य सम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप अनुसन्धान विभाग, आर्थिक विकास शाखा तथा नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) का कार्यक्षेत्र अन्तर्गतका निम्नानुसारका ४२ जिल्लाहरुको स्थानीय आर्थिक तथा वित्तीय गतिविधि सम्बन्धी स्थलगत अध्ययनका आधारमा तयार पारिएका प्रतिवेदनहरु प्रशोधन गरी यो समष्टिगत प्रतिवेदन तयार गरिएको छ ।

| **क्षेत्र** | **अध्ययनमा समेटिएका जिल्लाहरु** |
|---|---|
| काठमाण्डौ | काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ र नुवाकोट |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ, धनकुटा र सप्तरी |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | बारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ र पर्वत |
| सिद्धार्थनगर | रुपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ र सुर्खेत |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेलधुरा र डोटी |

# विषय-सूची


| | पेज नं. |
|---|---|
| **सारांश** | १ |
| **परिच्छेद १ कृषि क्षेत्र** | **२-६** |
| १.१ कृषि उपजले ढाकेको क्षेत्रफल | २ |
| १.२ कृषि उत्पादन | २ |
| १.३ सिँचाइ सुविधामा भएको विस्तार | ४ |
| १.४ क्षेत्रगत कृषि लगानी स्थिति | ५ |
| १.५ कृषि उत्पादनको परिदृश्य | ५ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | **७-९** |
| २.१ प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ७ |
| २.२ क्षेत्रगत औद्योगिक लगानी स्थिति | ७ |
| २.३ औद्योगिक उत्पादनको परिदृश्य | ८ |
| **परिच्छेद ३ सेवा क्षेत्र** | **१०-१३** |
| ३.१ पर्यटन उद्योग | १० |
| ३.२ सार्वजनिक निर्माण, घरजग्गा तथा रियलस्टेट | १० |
| ३.३ वित्तीय सेवा | ११ |
| ३.४ यातायात तथा संचार | १२ |
| ३.५ शिक्षा | १२ |
| **परिच्छेद ४ चुनौतीहरु** | **१४-१५** |
| ४.१ कृषि क्षेत्र | १४ |
| ४.२ उद्योग क्षेत्र | १४ |
| ४.३ सेवा क्षेत्र | १४ |
| ४.४ पूर्वाधार क्षेत्र | १५ |
| ४.५ सरकारी राजस्व तथा खर्च र वैदेशिक व्यापार | १५ |
| **तालिका तथा अनुसूचीहरु** | |

## तालिका तथा अनुसूचीहरु

**तालिका नं.**


१ प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल (समग्र, क्षेत्रगत र जिल्लागत)
२ प्रमुख कृषि बालीहरुको उत्पादन (समग्र, क्षेत्रगत र जिल्लागत)
३ प्रमुख पशुपंक्षी, माछा तथा बनजन्य उत्पादन (समग्र, क्षेत्रगत र जिल्लागत)
४ सिँचाइ सुविधामा भएको बिस्तार (समग्र, क्षेत्रगत र जिल्लागत)
५ कृषि कर्जा लगानी स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
६ प्रमुख उद्योगहरुको क्षमता उपयोग (समग्र, क्षेत्रगत र जिल्लागत)
७ औद्योगिक उत्पादन स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
८ औद्योगिक कर्जा लगानी स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
९ पर्यटन स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
१० घरजग्गा तथा रियलस्टेट (समग्र, क्षेत्रगत र जिल्लागत)

क (अ) बैंक तथा वित्तीय संस्थाका शाखाहरु
क (आ) निक्षेप तथा कर्जा स्थिति
क (इ) मनिचेञ्जर तथा विदेशी मुद्रा सटहीको अनुमति प्राप्त एजेन्सीहरु
ख (अ) फण्ड ट्रान्सफर
ख (आ) विदेशी मुद्रा खरिद विवरण
ख (इ) भारतीय मुद्रा खरिद बिक्री विवरण

अनुसूची क यातायात सेवा
अनुसूची ख संचार सेवा
अनुसूची ग शिक्षा सेवा
अनुसूची घ काठमाण्डौ उपत्यकाको निक्षेप तथा कर्जा सम्बन्धी विवरण

# सारांश

१. आर्थिक वर्ष २०६८/६९ मा यस अध्ययनमा समेटिएका ४२ जिल्लाहरुको **समग्र कृषि क्षेत्रको अवस्था सन्तोषजनक रहेको छ** । समीक्षा वर्षमा कृषि उपजले ढाकेको क्षेत्रफल, खाद्यान्न एवम् अन्य बाली लगायत पशुजन्य उत्पादनमा केही वृद्धि भएको छ । **प्रमुख खाद्यान्न बालीहरुमध्ये समीक्षा वर्षमा धानको उत्पादन ६ प्रतिशतले, मकैको ५ प्रतिशतले, गहुँको ०.२ प्रतिशतले र फापरको उत्पादन ६ प्रतिशतले वृद्धि भएको छ भने कोदोको उत्पादन ०.१ प्रतिशतले घटेको छ** । त्यसैगरी, समीक्षा वर्षमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **कृषि कर्जा लगानीमा ३२ प्रतिशतले वृद्धि भएको छ** ।

२. समीक्षा वर्षमा अध्ययन क्षेत्र अन्तर्गत तथ्याङ्क संकलन गर्न तोकिएका **उद्योगहरुले औसतमा ५८ प्रतिशत उत्पादन क्षमता उपयोग गरेका छन्** । समीक्षा वर्षमा वनस्पती घ्यू तथा तेल, दुग्ध पदार्थ, अन्न तथा खाद्य पदार्थ, पेय पदार्थ आदिको उत्पादन बढेको छ भने चुरोट, कागज, बिस्कुट तथा साबुनको उत्पादनमा केही कमी आएको छ । त्यसैगरी, समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा लगानीमा १६ प्रतिशतले वृद्धि भएको छ** ।

३. समीक्षा वर्षमा सेवा क्षेत्र अन्तर्गत **पर्यटन उद्योगको अवस्था सन्तोषजनक रहेको छ भने रियल स्टेट क्षेत्रमा शिथिलताको अवस्था कायमै रहेको छ । तथापि, समीक्षा वर्षमा घरजग्गा कारोबारबाट प्राप्त राजस्व संकलनमा भने अघिल्लो वर्षको तुलनामा केही सुधार आएको छ** । वित्तीय सेवा अन्तर्गत समीक्षा वर्षमा निक्षेप तथा कर्जा परिचालन, वित्तीय सेवाको पहुँच, बैंक शाखा लगायतका वित्तीय सेवाका प्रमुख परिसूचकहरुलाई विश्लेषण गर्दा अघिल्लो वर्षको तुलनामा थप सुधार भएको छ । त्यसैगरी, समीक्षा वर्षमा अध्ययन क्षेत्रमा **यातायात, संचार तथा शिक्षा सेवा सुविधामा विस्तार भएको छ** ।

४. स्थलगत सर्वेक्षणबाट प्राप्त विवरण अनुसार **कृषि क्षेत्रमा** एकातिर आधुनिक प्रविधि, रासायनिक मल, उन्नत विउ/विजन, सिंचाई सुविधा आदिको अपर्याप्तताको कारण **उत्पादकत्व अभिवृद्धि हुन सकेको छैन** भने अर्कोतर्फ सरल कर्जा, बजारीकरण एवम् कृषि मजदुरको अपर्याप्त आपूर्तिका कारण यस क्षेत्रको **सम्भावनालाई उपयोगमा ल्याउन सकिएको छैन** । त्यसैगरी, **विद्युत तथा ईन्धन समस्या, कमजोर श्रम सम्बन्ध लगायत अन्य संरचनागत अवरोध उद्योग एवम् सेवा क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्** ।


५. अध्ययन क्षेत्रको आर्थिक गतिविधि सम्बन्धी विगत तथा वर्तमान अवस्था एवम् स्थलगत सर्वेक्षणका क्रममा सरोकारवालाहरुसँगको अन्तरक्रियाबाट प्राप्त विवरणलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०६९/७० मा मुलुकको समष्टिगत आर्थिक परिदृश्य सामान्य रहने देखिन्छ । खासगरी बाली लगाउने समयमा पर्याप्त वर्षा नभएको तथा रासायनिक मलको अभावको सामना गर्नु परेकोले **आर्थिक वर्ष २०६९/७० मा समग्र कृषि उत्पादन वृद्धिदरमा अघिल्लो वर्षको तुलनामा केही संकुचन आउने देखिन्छ** । त्यसैगरी, मुलुकमा विद्यमान राजनैतिक संक्रमणकालीन अवस्था एवम् संरचनागत अवरोधका कारण **आर्थिक वर्ष २०६९/७० मा समग्र सेवा तथा उद्योग क्षेत्रको विस्तारमा समेत अपेक्षित रुपले सुधार हुने देखिदैन** । यस आधारमा आर्थिक वर्ष २०६९/७० मा मुलुकको कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ४.६७ प्रतिशत तथा उत्पादकको मूल्यमा ५.० प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ ।

## परिच्छेद १

# कृषि क्षेत्र

**१.१. कृषि उपजले ढाकेको क्षेत्रफल :** समीक्षा वर्षमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफलमा ०.५७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ४.१६ प्रतिशत रहेको थियो ।

**(क) खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफलमा ३.० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा धान, फापर, आलु, ऊखु, भटमास र तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने मकै, गहुँ, कोदो, जौ, सनपाट, सुर्ती र दलहन बालीले ढाकेको क्षेत्रफलमा कमी आएको छ ।




**(ख) तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा २.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस किसिमका बालीले ढाकेको क्षेत्रफलमा २४.१ प्रतिशतले वृद्धि भएको थियो । खासगरी, कृषकहरु बेमौसमी तरकारी खेतीतर्फ आकर्षित हुँदै गएको तथा शहरीकरणमा भईरहेको विस्तारसँगै नर्सरीजन्य फूल एवम् च्याउको मागमा वृद्धि हुँदै गएकोले यस उप समूहको क्षेत्रफलमा विस्तार भएको हो ।

**(ग) फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा ५.५ प्रतिशतले वृद्धि भएको छ । गत अवधिमा उक्त बालीले ढाकेको क्षेत्रफलमा ४.९ प्रतिशतले वृद्धि भएको थियो । फलफूल तथा मसलाको बढ्दो मागसँगै यस्ता बालीको उत्पादनमा कृषकहरुको आकर्षण बढ्दै गएकोले बढी क्षेत्रफलमा उत्पादन गर्न थालिएको हो ।

**(घ)** अध्ययन क्षेत्रका हिसावले कृषि उपजले ढाकेको क्षेत्रफलमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल जनकपुर, नेपालगञ्ज तथा धनगढी क्षेत्रमा वृद्धि भएको छ भने अन्य सबै क्षेत्रमा सामान्य ह्रास आएको छ । यसैगरी, तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल अध्ययनमा समेटिएका सबै क्षेत्रमा वृद्धि भएको छ । यसैगरी फलफुल तथा मसला बालीले ढाकेको क्षेत्रफल सिद्धार्थनगर क्षेत्रमा घटेको छ भने अन्य सबै क्षेत्रमा विस्तार भएको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

**१.२ कृषि उत्पादन :** समीक्षा वर्षमा प्रमुख कृषि बालीहरुको कुल उत्पादन ४.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ६.६ प्रतिशत रहेको थियो ।

**(क) खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा प्रमुख खाद्य बालीहरुमध्ये धान, मकै तथा गहुँको उत्पादन क्रमशः ६.० प्रतिशत, ४.९ प्रतिशत र ०.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष धान, मकै तथा गहुँको उत्पादन क्रमशः ७.२ प्रतिशत, २.६ प्रतिशत तथा ८.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कोदोको उत्पादन ०.१ प्रतिशत, जौ २.९ प्रतिशत, आलु ४.१ प्रतिशत, भटमास १.५ प्रतिशत तथा दलहन बालीको उत्पादनमा १.९ प्रतिशतले ह्रास आएको छ भने उखुको उत्पादन ४.५ प्रतिशत तथा तेलहन बालीको उत्पादन १०.० प्रतिशतले वृद्धि भएको छ ।

भौगोलिक आधारमा विश्लेषण गर्दा अध्ययन क्षेत्र अन्तर्गत समीक्षा वर्षमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादन पोखरा क्षेत्रमा १.३ प्रतिशत तथा सिद्धार्थनगर क्षेत्रमा ३.२ प्रतिशतले ह्रास आएको छ भने बाँकी सबै क्षेत्रमा उत्पादन वृद्धि भएको छ । समीक्षा वर्षमा प्रमुख खाद्य तथा अन्य बालीहरुको उत्पादन वृद्धि भएका क्षेत्रहरुमध्ये नेपालगञ्ज क्षेत्रमा सबैभन्दा बढी अर्थात् १०.४ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा कम काठमाण्डौ क्षेत्रमा ०.६ प्रतिशतले वृद्धि भएको छ ।

**चार्ट २ : प्रमुख कृषि बालीहरुको उत्पादन स्थिति (दस हजार मे.टनमा)**




**(ख) तरकारी तथा बागवानी** : समीक्षा वर्षमा तरकारी तथा बागवानी समूहको उत्पादन ६.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो उत्पादन १५.८ प्रतिशतले वृद्धि भएको थियो । शहरीकरणमा आएको विस्तारको कारण स्वरुप तरकारी, च्याउ एवम् नर्सरीजन्य फुलको मागमा भएको वृद्धिसंगै कृषकहरु वेमौसमी तरकारी खेती तथा नर्सरी तर्फ आकर्षित हुँदै गएको, किटनाषक औषधीको प्रयोगले तरकारी बाली क्षति हुनबाट जोगिएको एवम् हाइब्रिड बिउको प्रयोग लगायतका कारण यस समूहको उत्पादनमा क्रमिक वृद्धि हुँदै आएको छ ।

क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा तरकारी तथा बागवानी समूहको समग्र उत्पादन काठमाण्डौ, विराटनगर, नेपालगञ्ज तथा धनगढी क्षेत्रमा वृद्धि भएको छ भने अन्य क्षेत्रमा ह्रास आएको छ ।

**(ग) फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन १६.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो उत्पादन ०.२ प्रतिशतले ह्रास आएको थियो । यस समूह अन्तर्गत आँपको उत्पादन ४५.० प्रतिशत, केराको उत्पादन १७.२ प्रतिशत तथा सुन्तला जातीको उत्पादन ०.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष आँप, केरा र सुन्तलाको उत्पादनमा क्रमशः ११.५ प्रतिशत,

२.१ प्रतिशत तथा १.९ प्रतिशतले ह्रास आएको थियो । यसैगरी समीक्षा वर्षमा मसला बालीको उत्पादन ११.९ प्रतिशतले वृद्धि भएको छ । मसला बालीको उत्पादन अघिल्लो वर्ष ६.६ प्रतिशतले वृद्धि भएको थियो । आँपको उत्पादनमा चक्रीय प्रभाव हुने तथा समीक्षा वर्षमा बढी फल लाग्ने समय परेको कारण आँपको उत्पादनमा वृद्धि भएको हो । यसैगरी, सुन्तलाको उत्पादन वृद्धि हुनुमा अनुकूल मौसम, बढ्दो मागसँगै तथा यसको व्यवसायिक खेती पनि विस्तार हुँदै गएकोले उत्पादन बढेको हो । समीक्षा वर्षमा चियाको उत्पादन १.७ प्रतिशतले वृद्धि भएको छ भने कफीको उत्पादनमा ०.३ प्रतिशतले कमी आएको छ ।

क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन सिद्धार्थनगर क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।


(घ) **प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन :** समीक्षा वर्षमा दूधको उत्पादन १.७ प्रतिशतले तथा मासुको उत्पादन ३.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष दूध तथा मासुको उत्पादन क्रमशः ३.० प्रतिशत तथा ६.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुखुरा तथा हाँसको मासुको उत्पादन सबैभन्दा बढी अर्थात् ६.९ प्रतिशतले वृद्धि भएको छ । यसैगरी समीक्षा वर्षमा अण्डाको उत्पादन ६.० प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षको शुरुतिर काठमाण्डौ क्षेत्रमा बर्ड फ्लुको प्रकोप देखिएतापनि समयमै सो रोग नियन्त्रणमा आएको तथा देशका अन्य क्षेत्रमा सो रोगको प्रकोप नदेखिएकोले कुखुरा तथा हाँसको मासु एवम् अण्डाको उत्पादनमा वृद्धि भएको हो । त्यसैगरी, समीक्षा वर्षमा माछाको उत्पादन १३.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष माछाको उत्पादन १५.५ प्रतिशतले वृद्धि भएको थियो । व्यवसायिक माछापालनतर्फ कृषकहरुको आकर्षण बढ्दै गएकोले यसको उत्पादनमा विस्तार आएको हो । वनजन्य उत्पादनतर्फ काठको उत्पादन ४६.३ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादन ६०.० प्रतिशतले घटेको छ । अधिकांश वनजंगलको सुरक्षा तथा उपभोगको जिम्मेवारी समुदायलाई हस्तान्तरण गरिएको, खाना पकाउन गोबर ग्याँस तथा एल.पी. ग्याँसको प्रचलन बढ्दै गएको जस्ता कारणले दाउराको प्रयोग क्रमिक रुपमा घट्दै गईरहेको छ भने विगतमा केही समय बन्द रहेको काठको उत्पादन समीक्षा वर्षको शुरुमा पुनः खुला गरिएकोले काठको उत्पादनमा विस्तार आएको छ । यसैगरी समीक्षा वर्षमा औषधीजन्य वस्तुको उत्पादन ११.२ प्रतिशतले वृद्धि भएको छ ।

क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा दूधको उत्पादन सिद्धार्थनगर क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । मासुको उत्पादन सबै क्षेत्रमा वृद्धि भएको छ । अण्डाको उत्पादन काठमाण्डौ तथा जनकपुर क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । समीक्षा वर्षमा वनजन्य उत्पादन तर्फ काठको उत्पादन काठमाण्डौ तथा पोखरा क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

**१.३ सिँचाइ सुविधामा भएको विस्तार :** आर्थिक वर्ष २०६८/६९ मा अध्ययनमा समेटिएका ४२ जिल्लाहरुको कुल सिंचित क्षेत्रफलमा अघिल्लो वर्षको तुलनामा ४.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो क्षेत्रफल ३.१७ प्रतिशतले बढेको थियो । कुल खेती गरिएको क्षेत्रफलमध्ये २९.८ प्रतिशत क्षेत्रफल सिंचित रहेको पाईन्छ । समीक्षा वर्षमा कुल सिंचित क्षेत्रफलमध्ये ५१.६ प्रतिशत नहर, ३४.४ प्रतिशत कुलो, ११.५ प्रतिशत बोरिङ्ग तथा २.५ प्रतिशत पोखरीबाट सिँचाइ गरिएको छ ।

चार्ट ३ : सिँचाई सुविधामा भएको विस्तार (दस हजार हेक्टरमा)




समीक्षा वर्षमा अध्ययनमा समेटिएका सबै क्षेत्रमा सिंचाई सुविधा पाएका खेतीयोग्य जमिनको क्षेत्रफलमा सामान्यतया वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

**१.४ क्षेत्रगत कृषि लगानी स्थिति** : २०६९ असार मसान्तसम्ममा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा अघिल्लो वर्षको तुलनामा ३२.४ प्रतिशतले वृद्धि भई रु. २९ अर्ब ४१ करोड पुगेको छ । अघिल्लो वर्ष कुल कृषि कर्जा लगानीमा १९.९ प्रतिशतले वृद्धि भई रु. २२ अर्ब २१ करोड कायम भएको थियो । समीक्षा अवधिमा यसरी प्रवाहित कुल कर्जामध्ये सबभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शिर्षकमा ५०.२ प्रतिशत अर्थात् रु. १४ अर्ब ७५ करोड रहेको छ भने सबैभन्दा न्यून सुर्ति बालीमा ०.२ प्रतिशत अर्थात् रु. १४ करोड ६९ लाख रहेको छ ।

२०६९ असार मसान्तसम्ममा सर्वेक्षणमा समेटिएका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कृषि कर्जामध्ये वीरगञ्ज क्षेत्रको अंश ३०.० प्रतिशत, काठमाण्डौको २६.० प्रतिशत, जनकपुरको १३.० प्रतिशत, पोखराको ९.० प्रतिशत, विराटनगरको ८.० प्रतिशत, सिद्धार्थनगरको ७.० प्रतिशत, नेपालगञ्जको ५.० प्रतिशत र धनगढी क्षेत्रको अंश २.० प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

## १.५ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) मुख्य खाद्यान्न बाली लगाउने समयमा मौसमी प्रतिकूलता एवम् रासायनिक मलको आपूर्तिमा देखिएको समस्याका कारण आर्थिक वर्ष २०६९/७० मा धान, मकै तथा कोदो जस्ता मुख्य बालीहरुको उत्पादन वृद्धिदर अघिल्लो वर्षको तुलनामा कम रहने अनुमान गरिएको छ । यस प्रतिवेदन तयार गर्दाको समयसम्ममा रासायनिक मल सहज रुपमा उपलव्ध हुन थालेको तथा मौसममा समेत केही सुधार भएकोले गहुँ तथा तेलहन लगायतका हिउँदे बालीको उत्पादनमा भने थप सुधार हुने अनुमान गरिएको छ । त्यसैगरी, भेरी बबई डाईभर्सन, रानीजमरा सिंचाई आयोजना लगायतका ठूला सिंचाई आयोजनाहरु हालै सम्पन्न हुने अवस्था नभएकोले सिँचाइ क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुने देखिंदैन ।

शहरीकरणमा भईरहेको विस्तारसँगै वेमौसमी तरकारी तथा फलफूलको बढ्दो मागका कारण कृषकहरु यसतर्फ आकर्षित हुँदै गएकोले आर्थिक वर्ष २०६९/७० मा यस समूहका बालीको उत्पादनमा थप विस्तार हुने देखिन्छ ।

(ख) समीक्षा वर्षमा नेपालका विभिन्न स्थानमा कुखुरापालन व्यवसायमा नयाँ फर्महरु संचालनमा आउनुको साथै व्यवसायिक पशुपालन प्रति कृषकहरुको आकर्षण बढ्दै गएकोले मासु, दूध लगायतका पशुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ ।

(ग) अघिल्लो वर्ष बन्द रहेको काठ कटान कार्यलाई व्यवस्थित गर्दै लगिएकोले आर्थिक वर्ष २०६९/७० मा काठजन्य उत्पादन वृद्धि हुने देखिन्छ । जडिबुटी प्रशोधन गर्ने उद्योगहरु स्थापना भईनसकेको वर्तमान सन्दर्भमा यस्ता उद्योगहरु स्थापना भएपश्चात् मात्र जडिबुटी उत्पादन कार्यमा उल्लेख्य प्रगति हुने भएतापनि जडिबुटी संकलन कार्यलाई सरकारले क्रमिक रुपमा व्यवस्थित गर्दै लगेकाले आर्थिक वर्ष २०६९/७० मा जडिबुटीजन्य उत्पादन केही वृद्धि हुने देखिन्छ ।

परिच्छेद २

# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरु को क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुको औसत क्षमता उपयोग ५८ प्रतिशत रहेको छ । यसमध्ये गार्मेन्ट उद्योगले सबैभन्दा बढी अर्थात् ९० प्रतिशत क्षमता उपयोग गरेको पाईन्छ भने वनस्पती घ्यू उद्योगले सबैभन्दा न्यून अर्थात् २२ प्रतिशत क्षमता उपयोग गरेको पाईन्छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका नं. ६ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

(ख) समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका उद्योगहरुमध्ये वनस्पती घ्यू तथा तेल, दूग्ध पदार्थ, अन्न तथा पशुदाना, अन्य खाद्य पदार्थ, पेय पदार्थ, उनी गलैंचा, तयारी कपडा, प्रशोधित छाला, फेब्रिकेटेड धातुका सामान, विजुलीका उपकरण आदिको उत्पादनमा वृद्धि भएको छ भने सुर्तीजन्य वस्तु, साबुन, ईंटा आदिको उत्पादनमा ह्रास आएको छ ।

(ग) समीक्षा अवधिमा वनस्पती घ्यू तथा तेल समूहको समग्र उत्पादन १२.९ प्रतिशतले वृद्धि भएको छ भने यसै समूह अन्तर्गत तोरीको तेल र भटमासको तेलको उत्पादन क्रमशः ३१.१ र १२.८ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा तेलहन बाली लगाईएको क्षेत्रफल वृद्धि तथा अनुकूल मौसमका कारण तोरीको तेलको उत्पादन उल्लेखनीय रुपमा बढेको हो । त्यसैगरी, अन्न तथा पशुदाना अन्तर्गतका वस्तुहरुको उत्पादन समीक्षा अवधिमा ८.८ प्रतिशतले वृद्धि भएको छ भने अन्य खाद्य पदार्थ समूहको उत्पादनमा १४.१ प्रतिशतले वृद्धि भएको छ । चामल एवम् चामलबाट बन्ने खाद्य पदार्थको मागमा भएको वृद्धिसँगै समीक्षा वर्षमा धानको उत्पादन समेत बढेकोले यस समूहको उत्पादनमा विस्तार भएको हो । समीक्षा अवधिमा पेय पदार्थको उत्पादनमा २३.४ प्रतिशतले वृद्धि भएको छ, । यसमध्ये मदिरा तथा वीयरको उत्पादन क्रमशः ७४.० प्रतिशत तथा ३.३ प्रतिशतले वृद्धि भएको छ । मागमा भएको वृद्धिसँगै उद्योगले अधिकतम क्षमतामा उत्पादन गरेकोले यी पेय पदार्थको उत्पादन वृद्धि भएको हो ।

(घ) औद्योगिक उत्पादनलाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा विराटनगर क्षेत्रमा वनस्पती घ्यू तथा तेल, खाद्य पदार्थ, प्रशोधित चिया, धातुका उपकरण आदिको उत्पादन हुने गरेको छ भने जनकपुर क्षेत्रमा चिनी, चुरोट, मदिरा, कागज आदिको उत्पादन हुने गरेको छ । काठमाण्डौमा हल्का पेय पदार्थ, पश्मिना, ऊनी गलैंचा, चाउचाउ आदिको उत्पादन हुने गरेको छ । त्यसैगरी, वीरगञ्ज क्षेत्रमा प्रशोधित दूध, हल्का पेय पदार्थ, चुरोट, लत्ता कपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी आदि, पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, ईंटा, सिमेन्ट आदि, नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो आदि तथा धनगढी क्षेत्रमा गहुँको पिठो, ईंटा आदिको उत्पादन हुने गरेको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका नं. ७ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा लगानी स्थिति

(क) २०६९ असार मसान्तसम्ममा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा लगानी १६.४ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ३६ अर्ब ६४ करोड कायम भएको छ । अघिल्लो वर्ष यस क्षेत्रमा भएको कर्जा प्रवाह १७.५ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ३ अर्ब २२ करोड कायम भएको थियो ।

(ख) समीक्षा वर्षमा धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक सामान शिर्षकमा प्रवाह भएको कर्जा ३९.४ प्रतिशत, उत्पादन सम्वन्धी उद्योगमा प्रवाहित कर्जा १९.६ प्रतिशत तथा निर्माण सम्बन्धी उद्योगमा

प्रवाहित कर्जा १४.९ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा खानी सम्बन्धी तथा सेवा सम्बन्धी उद्योगमा भएको कर्जा प्रवाह क्रमशः ३१.८ प्रतिशत तथा १.० प्रतिशतले ह्रास आएको छ ।




(ग) समीक्षा वर्षमा भएको कुल कर्जा लगानीमध्ये उत्पादनमूलक उद्योगमा सबैभन्दा बढी अर्थात् ५४.० प्रतिशत कर्जा प्रवाहित भएको छ । यसैगरी, निर्माण सम्बन्धी उद्योगमा २८.० प्रतिशत, सेवा सम्बन्धी उद्योगमा ९.० प्रतिशत तथा धातुका उत्पादन, मेशिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ८.० प्रतिशत कर्जा प्रवाह भएको छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह वृद्धि गर्न प्रेरित गरेको परिणामस्वरुप उत्पादनमूलक उद्योगहरुतर्फको कर्जा लगानीमा वृद्धि भएको हो ।

(घ) सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमध्ये काठमाण्डौ क्षेत्रको अंश ६५.५ प्रतिशत, वीरगञ्ज क्षेत्रको १०.६ प्रतिशत, विराटनगर क्षेत्रको ८.४ प्रतिशत, पोखरा क्षेत्रको ५.४ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको ५.२ प्रतिशत, जनकपुर क्षेत्रको २.४ प्रतिशत, नेपालगञ्ज क्षेत्रको १.२ प्रतिशत तथा धनगढी क्षेत्रको अंश १.२ प्रतिशत रहेको छ । औद्योगिक क्षेत्रमा प्रवाह हुने कतिपय ठूला परिमाणका कर्जा लगानी बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालयबाट स्वीकृत हुने र सो सम्बन्धी लेखा विवरण केन्द्रीय स्तरबाटै प्रप्त हुने भएकोले समेत औद्योगिक क्षेत्रमा प्रवाह हुने कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश तुलनात्मक रुपमा बढी देखिएको हो ।

(ङ) समीक्षा वर्षमा उत्पादनमूलक, निर्माण तथा सेवा सम्बन्धी उद्योगमा प्रवाह भएको कुल कर्जामध्ये सबैभन्दा बढी काठमाण्डौं क्षेत्रमा प्रवाह भएको छ । काठमाण्डौ क्षेत्रमा उत्पादनमूलक उद्योगमा रु. ८४ अर्ब ३५ करोड, निर्माण सम्वन्धी उद्योगमा रु. ४८ अर्ब ३३ करोड तथा सेवा सम्वन्धी उद्योगमा रु. १० अर्ब ७५ करोड कर्जा प्रवाह भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

## २.३ औद्योगिक उत्पादनको परिदृश्य (Outlook)

(क) ज्यालादर तथा विप्रेषण आप्रवाहमा भईरहेको वृद्धिसँगै सर्वसाधारणको उपभोग प्रवृत्ति एवम् मागमा हुने विस्तारका कारण आर्थिक वर्ष २०६९/७० मा चाउचाउ, बिस्कुट एवम् हल्का पेय पदार्थको उत्पादनमा वृद्धि हुने देखिन्छ । चामल तथा मैदाबाट बन्ने रेष्टुराँका परिकारहरुका साथै बियर तथा मदिराको उत्पादनमा समेत केही वृद्धि हुने संभावना छ । यस्ता तयारी खाद्य वस्तुहरुको उत्पादनमा प्रयोग हुने तेलको उत्पादनमा समेत वृद्धि हुने देखिन्छ । वनस्पती घिउको उत्पादनले भारतीय बजार गुमाउँदै गएको तथा उत्पादनको तुलनामा स्वदेशी बजार सानो भएकोले आर्थिक वर्ष २०६९/७० मा यसको उत्पादन विस्तार हुने संभावना कम देखिन्छ ।

(ख) स्वदेशमा सिमेण्टको मागको तुलनामा उत्पादन कम भएको, कच्चा पदार्थ प्रचुर मात्रामा उपलब्ध भएतापनि सिमेण्ट उद्योगहरु यथेष्ट नभएकोले यस्ता उद्योगहरु स्थापना गर्ने क्रम बढ्दै गएकोले आर्थिक बर्ष २०६९/७० मा सिमेण्ट उत्पादनमा थप विस्तार हुने देखिन्छ ।


(ग) गार्मेण्ट, पश्मिना तथा ऊनी गलैंचा आदिको उपभोग तथा संभावित अन्तर्राष्ट्रिय बजारको अवस्थालाई दृष्टिगत गर्दा आर्थिक वर्ष २०६९/७० मा यी वस्तुहरुको उत्पादनमा केही वृद्धि हुने सम्भावना देखिन्छ । नेपालमा उत्पादित पश्मिना तथा गलैंचाको बजार प्रबर्द्धन, गुणस्तर एवम् प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुन सकेमा आगामी वर्ष यी वस्तुहरुको उत्पादन एवम् निर्यात विस्तारमा थप सहयोग पुग्ने देखिन्छ ।

परिच्छेद ३

# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

(क) २०६९ असार मसान्तसम्ममा अध्ययन क्षेत्र अन्तर्गतका जिल्लाहरुमा पर्यटक स्तरीय होटल तथा लजको संख्यामा १०.० प्रतिशतले तथा होटल शैयाको संख्यामा ७.६ प्रतिशतले वृद्धि भएको छ । होटल एशोसियसनसँग आवद्ध देशभर कुल २०९ पर्यटक स्तरीय होटल रहेका छन् । यसमध्ये, पाँच तारे होटल ९, चारतारे २, तीनतारे २५, दुईतारे २६, एकतारे १८ तथा अन्य पर्यटकस्तरीय होटल १२९ रहेका छन् ।




(ख) समीक्षा वर्षमा हवाई मार्गबाट नेपाल भ्रमणमा आउने कुल पर्यटकको संख्या अघिल्लो वर्षको तुलनामा १८.९ प्रतिशतले वृद्धि भई ५ लाख ९५ हजार २६२ पुगेको छ । यसमध्ये भारतीय पर्यटक संख्या २९.० प्रतिशतले वृद्धि भई १ लाख ६८ हजार ५९४ पुगेको छ भने तेस्रो मुलुकबाट आएका पर्यटक संख्या १५.३ प्रतिशतले वृद्धि भई ४ लाख २६ हजार ६६८ कायम भएको छ । शान्ति सुरक्षाको स्थितिमा देखिएको क्रमिक सुधारसँगै नेपाल सरकारले सन् २०१२ लाई लुम्बिनी भ्रमण वर्षको रुपमा मनाउने घोषणा गरकोले समेत पर्यटक आगमन तथा होटल, लज र शैयाको संख्यामा वृद्धि भएको हो

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

## ३.२ घरजग्गा तथा रियलस्टेट

(क) आर्थिक वर्ष २०६८/६९ मा अध्ययनले समेटेका जिल्लाहरुको समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा ६.२ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्ष यस्तो रजिष्ट्रेशन संख्या १०.९ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा १२.३ प्रतिशतले वृद्धि आई रु.४ अर्ब ४७ करोड ९७ लाख कायम भएको छ । अघिल्लो वर्ष यस्तो राजस्व संकलनमा ३२.३ प्रतिशतले ह्रास आएको थियो । नेपाल राष्ट्र बैंकले घरजग्गा क्षेत्रमा प्रवाह हुने कर्जाको सीमा निर्धारण गरे पश्चात् बैंक तथा वित्तीय संस्थाहरुले यसतर्फ प्रवाह हुने कर्जा क्रमशः घटाउँदै लगेकाले विगतमा घरजग्गा कारोबारमा ठूलो गिरावट आएतापनि हाल आएर ह्रासोन्मुख दरमा केही सुधार देखिएको छ । त्यसैगरी, घरजग्गा कारोबारमा आएको शिथिलतासँगै समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्यामा ३.४ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्ष यस्तो संख्यामा ६.९ प्रतिशतले ह्रास आएको थियो ।

(ख) समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा जनकपुर क्षेत्रमा ०.६ प्रतिशतले, वीरगञ्ज क्षेत्रमा १.९ प्रतिशतले, पोखरा क्षेत्रमा २.६ प्रतिशतले तथा सिद्धार्थनगर क्षेत्रमा ५.५ प्रतिशतले वृद्धि भएको छ भने काठमाण्डौ क्षेत्रमा ४.६ प्रतिशतले, विराटनगर क्षेत्रमा २४.४ प्रतिशतले, नेपालगञ्ज क्षेत्रमा ६.३ प्रतिशतले र धनगढी क्षेत्रमा ५.२ प्रतिशतले गिरावट आएको छ । त्यसैगरी, घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन वीरगञ्ज क्षेत्रमा १३.० प्रतिशतले, काठमाण्डौ क्षेत्रमा ११.७ प्रतिशतले, बिराटनगर क्षेत्रमा ११.६ प्रतिशतले, जनकपुर क्षेत्रमा ८.८ प्रतिशतले, पोखरा क्षेत्रमा ३४.४ प्रतिशतले, सिद्धार्थनगर क्षेत्रमा १९.० प्रतिशतले र नेपालगञ्ज क्षेत्रमा ९.६ प्रतिशतले वृद्धि भएको छ भने धनगढी क्षेत्रमा १५.० प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा घर भवन नक्शा पास संख्यालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ, पोखरा, वीरगञ्ज, नेपालगञ्ज तथा धनगढी क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा यस्तो संख्या वृद्धि भएको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

## ३.३ वित्तीय सेवा

(क) २०६९ असार मसान्तसम्ममा अध्ययन क्षेत्रमा वाणिज्य बैंकका १२७६, विकास बैंकका ६२५, वित्त कम्पनीका २७८ तथा लघुवित्त विकास बैंकका ५०७ गरी जम्मा २६८६ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु छन् जसमध्ये सबैभन्दा बढी काठमाण्डौ क्षेत्रमा ७८७ वटा (२९.३ प्रतिशत) रहेका छन् भने सबैभन्दा कम धनगढी क्षेत्रमा ११९ वटा (४.४ प्रतिशत) रहेका छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका क (अ) मा उल्लेख गरिएको छ ।

(ख) २०६९ असार मसान्तसम्ममा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप २६.५ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब १९ अर्ब ७१ करोड कायम भएको छ । अघिल्लो वर्ष कुल निक्षेप संकलन १०.० प्रतिशतले वृद्धि भएको थियो । अध्ययन क्षेत्रमा बैकिङ्ग सेवामा भएको विस्तार एवम् बढ्दो रेमिट्यान्स आप्रवाहको कारण निक्षेप संकलनमा वृद्धि भएको हो ।




(ग) २०६९ असार मसान्तसम्ममा अध्ययन क्षेत्र अन्तर्गतका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा १४.० प्रतिशतले वृद्धि भई रु. ७ खर्ब १ अर्ब ९४ करोड पुगेको छ । अघिल्लो वर्ष कुल कर्जा प्रवाह १४.५ प्रतिशतले वृद्धि भएको थियो । निक्षेपमा भएको वृद्धिसँगै बैंक तथा वित्तीय संस्थाहरुले कर्जा लगानीमा व्याजदर केही कम गर्नुका साथै नेपाल राष्ट्र बैंकले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न उत्प्रेरित गरेकोले कर्जा प्रवाहमा वृद्धि भएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका क (आ) मा दिईएको छ ।

(घ) २०६९ असार मसान्तसम्मा नेपालभरका बैंक तथा वित्तीय संस्थाहरुबाट संकलित कुल निक्षेपमध्ये काठमाण्डौ क्षेत्रको अंश ५९.० प्रतिशत रहेको छ। अध्ययन क्षेत्र अन्तर्गत तथ्याङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६५.० प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ७.८ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.८ प्रतिशत रहेको छ । त्यसैगरी, २०६९ असार मसान्तसम्ममा देशभरका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जा तथा सापटीमध्ये काठमाण्डौं क्षेत्रको अंश ४५.० प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ६१.५ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश वीरगञ्ज क्षेत्रको ९.३ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.८ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका क (आ) मा उल्लेख गरिएको छ ।

### ३.४ यातायात तथा संचार

(क) २०६९ असार मसान्तसम्ममा अध्ययन क्षेत्र अन्तर्गतका अञ्चलमा दर्ता भएका सवारी साधनको कुल संख्या अघिल्लो वर्षको तुलनामा ९.८ प्रतिशतले वृद्धि भई १० लाख ९० हजार ३१४ पुगेको छ । जसमध्ये मोटरसाईकलको संख्या १०.९ प्रतिशत तथा अन्य चारपाङग्रे सवारी साधनको संख्या ५.६ प्रतिशतले बढेको छ ।

(ख) २०६९ असार मसान्तसम्ममा अध्ययन क्षेत्रमा कच्ची (Gravel तथा Earthen) ३४८८ कि.मी. तथा पक्की (कालोपत्रे) ४३६९ कि.मी. गरी कुल ७८५७ कि.मी. सडक विस्तार भएको छ । यसप्रकारको कुल सडक विस्तार अघिल्लो वर्षको तुलनामा ५.० प्रतिशतले बढी हो । २०६८ असार मसान्तमा कुल सडक विस्तार ७४८३ कि.मी. रहेको थियो ।

(ख) २०६९ असार मसान्तसम्ममा नेपाल टेलिकम, एनसेल तथा अन्य कम्पनीहरु समेत गरी कुल १ करोड ७२ लाख ८० हजार ८३१ लाईन टेलिफोन (मोबाईल, सिडिएमए र फिक्स्ड् लाईन समेत गरी) वितरण भएको छ । उक्त अवधिसम्ममा देशभरका ६५.० प्रतिशत जनतामा टेलिफोन पहुँच विस्तार भएको छ भने देशभरका कुल १९.० प्रतिशत जनताले ईन्टरनेट सेवा उपभोग गरेका छन् । समीक्षा वर्षमा कुल टेलिफोन सेवाको विस्तार अघिल्लो वर्षको तुलनामा ३१.२ प्रतिशतले वृद्धि भएको छ भने ईन्टरनेट सेवाको विस्तार ७४.० प्रतिशतले वृद्धि भएको छ ।

यस सम्बन्धी विवरण अनुसूची क र ख मा उल्लेख गरिएको छ ।

### ३.५ शिक्षा

(क) शिक्षा विभाग, सानो ठिमी भक्तपुरबाट प्रकाशित Flash Report – 2069 तथा नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरुबाट प्राप्त प्रतिवेदन अनुसार २०६८ चैत्र मसान्तसम्ममा अध्ययन क्षेत्रमा प्राथमिकदेखि माध्यमिक तहसम्म सामुदायिक र संस्थागत गरी कुल १८ हजार ४४१ तथा उच्च माध्यमिक विद्यालयका १ हजार ८९४ गरी जम्मा २० हजार ३३५ विद्यालयहरु संचालित छन् जसमा ३५ लाख ७५ हजार ७१२ विद्यार्थी तथा १ लाख ३ हजार ९०७ शिक्षक/शिक्षिकाहरु छन् । यी विद्यालयहरुलाई सामुदायिक तथा संस्थागतरुपमा वर्गिकरण गर्दा सामुदायिकले ७८.० प्रतिशत तथा संस्थागतले २२.० प्रतिशत हिस्सा ओगटेका छन् । त्यसैगरी, उक्त अवधिसम्ममा अध्ययन क्षेत्रमा विभिन्न विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त गरी कुल ५९५ क्याम्पसहरु संचालित छन् ।

(ख) अध्ययन क्षेत्रमा शैक्षिक सत्र २०६८ मा समग्र विद्यार्थी-शिक्षक अनुपात २७:१ रहेको छ, जसमध्ये सामुदायिक विद्यालयतर्फ ३८:१ र संस्थागत विद्यालयतर्फ १६:१ रहेको छ । अघिल्लो शैक्षिक सत्रमा यस्तो अनुपात

समग्रमा २६:१ रहेको थियो भने सामुदायिक विद्यालयतर्फ ३५:१ र संस्थागत विद्यालयतर्फ १७:१ रहेको थियो ।

यस सम्बन्धी विवरण अनुसूची ग मा उल्लेख गरिएको छ ।

परिच्छेद ५

# चुनौतीहरु

## ४.१ कृषि क्षेत्र

- अध्ययन क्षेत्र अन्तर्गत खेती गरिएका अधिकांश जमिनमा सिंचाई प्रणाली मौसममा आधारित रहेकाले आधुनिक प्रकारका नहर, कुलो र पम्पसेट मार्फत वर्षैभरी सिंचाई सुविधा उपलब्ध गराई कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्ने चुनौती विद्यमान छ ।
- जलवायु परिवर्तन तथा भौगोलिक विविधतालाई समेत ध्यानमा राखी उन्नत जातका विउ/विजन तथा रासायनिक मलको आपूर्ति एवम् प्रयोगलाई व्यवस्थित गर्ने समस्या विद्यमान छ ।
- श्रमशक्ति स्थानान्तरण एवम् वैदेशिक रोजगारमा जाने प्रवृत्तिबाट कृषि क्षेत्रमा श्रमशक्तिको अभावका कारण ज्यालादर वृद्धि हुँदै जाने तथा खेतीयोग्य जमिन बाँझो रहने समस्या रहेको छ ।
- कृषि क्षेत्रमा परम्परागत प्रणाली विद्यमान छ । व्यवसायिक कृषि प्रणाली तर्फ कृषकहरुलाई उत्प्रेरित गर्न सकिएको छैन ।
- कृषकहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउन नसक्नुमा भरपर्दो यातायात तथा व्यवस्थित बजारको अभाव प्रमुख कारण हो । कृषकहरुले आफ्नो उपजको बिक्री बितरणको लागी बिचौलियाहरुको भर पर्नुपर्ने अवस्थाको अन्त्य गर्नु चुनौतीपूर्ण छ ।

## ४.२ उद्योग क्षेत्र

- मुलुकमा विद्यमान राजनैतिक अनिश्चितताको कारण उद्योगी व्यवसायीहरुमा पर्याप्त मात्रामा विश्वासको वातावरण सृजना हुन सकेको छैन । स्वदेशका उद्योगीहरु पर्ख र हेरको स्थितिमा रहेको वर्तमान परिप्रेक्ष्यमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने कार्य समेत चुनौतीपूर्ण देखिन्छ ।
- समय समयमा भईरहने बन्द हड्ताल, कमजोर श्रम सम्बन्ध तथा विद्युत एवम् ईन्धनको अपर्याप्त आपूर्ति जस्ता समस्याको कारण उद्योग क्षेत्रको विस्तारमा अपेक्षित सुधार हुन सकेको छैन ।
- बढ्दो श्रम लागत तथा आयातीत कच्चा पदार्थको कारण उत्पादित वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने हुनाले अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको माग अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण छ ।

## ४.३ सेवा क्षेत्र

- सेवा क्षेत्र अन्तर्गत पर्यटन विकासको प्रचुर संभावनाको वावजुद अपेक्षित उपलब्धिहरु हासिल हुन सकेका छैनन् । खासगरी काठमाण्डौ उपत्यका र पोखरा लगायतका सिमित स्थानहरुमा पर्यटन विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु अघि सारिएका भए पनि यसलाई देशका अन्य सम्भाव्य स्थानहरुसम्म पुऱ्याउन सकिएको छैन ।
- अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौमा मात्र हुनु, उपत्यका र पोखरा बाहेकका स्थानमा पर्यटकस्तरीय होटल पर्याप्त नहुनु, यातायात सुविधा एवम् अन्य भौतिक पूर्वाधारहरु पर्याप्त नहुनाले पर्यटन क्षेत्रको प्रचुर सम्भावनालाई उपयोग गर्न सकिएको छैन ।
- निजी क्षेत्रका बैंक/वित्तीय संस्थाहरुका सेवाहरु विकेन्द्रित हुँदै गएपनि अधिकांश कर्जा लगानी भने केन्द्रीय/कर्पोरेट कार्यालयबाट मात्र हुने गरेको र शाखा कार्यालयहरुबाट निक्षेप संकलनको कार्यमा मात्र जोड दिने परम्परा रहेकोले स्थानीय वित्तीय श्रोतको उपयोग सोही स्थानमा हुन सकेको छैन ।
- एकातिर औद्योगिक क्षेत्रको विस्तार हुन नसक्दा बैंकहरुको कर्जा लगानीका क्षेत्र पनि विस्तार हुन सकेको छैन भने अर्कोतर्फ नयाँ क्षेत्रहरुको पहिचान गर्न नसक्नु, घर जग्गामा बढी लगानी केन्द्रीत हुनु तथा बैंक/वित्तीय संस्थाको उपस्थिति शहरी क्षेत्रमा बढी हुनुले वित्तीय श्रोतको परिचालन कुशल रुपमा हुन सकेको छैन ।

- अध्ययन क्षेत्रका शहरोन्मुख तथा ग्रामीण भेगका लघु वित्त क्षेत्रमा काम गर्ने बचत तथा ऋण सहकारी संस्था तथा गैरसरकारी संस्थाहरुको संख्या तथा कारोबारमा बिस्तार भईरहेतापनि यस्ता संस्थाहरुको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने प्रभावकारी संयन्त्रको अभाव रहेको छ ।
- स्वास्थ्य एवम् शिक्षण संस्थाहरुको उपस्थिति मुख्य शहरी क्षेत्रमा बाक्लै भएतापनि ग्रामीण भेगमा नगन्य मात्रामा भएकोले गुणस्तरीय स्वास्थ्य सेवा तथा प्राविधिक शिक्षाका लागि विराटनगर, काठमाण्डौ, पोखरा लगायतका मुख्य मुख्य शहर धाउनु पर्ने बाध्यता रहेको छ ।
- शिक्षक/शिक्षिकाहरुलाई पर्याप्त रुपमा तालीम प्रदान गर्न सकिएको छैन । सरकारी तथा निजी विद्यालयबाट उत्पादित विद्यार्थीहरुको बीचमा गुणस्तरीयताको ठूलो अन्तर रहने गरेको छ । एकातर्फ शिक्षा क्षेत्रमा सरकारले ठूलो धनराशी खर्च गर्ने गरेतापनि व्यवसायिक जनशक्ति निकै कम मात्रामा उत्पादन हुने गरेका छन् भने अर्कोतर्फ अध्ययन प्रयोजनको लागी वर्षेनी ठूलो संख्यामा विद्याथीहरु विदेश जाने प्रवृत्ति बढ्दै गईरहेको छ ।

## ४.४ पूर्वाधार क्षेत्र

- ग्रामीण क्षेत्रका कुनाकाप्चामा कच्ची सडकको विस्तार भएतापनि कालोपत्रे गर्ने कार्यको लागि ठूलो बजेटको आवश्यकता पर्ने हुनाले पक्की सडक विस्तार सन्तोषजनक रुपमा हुन सकिरहेको छैन । अधिकांश कच्ची सडकमा वर्षायाममा गाडी चल्न नसक्ने भएकोले वर्षेनी मर्मत कार्यमा ठूलो रकम खर्च गर्नु परिरहेको छ । ग्रामीण भेगमा अवैज्ञानिक तवरले विस्तार गरिएका कतिपय कच्ची सडकहरुको कारण भ-ूक्षय तथा पर्यावरणीय असन्तुलन बढ्ने गरेको स्थानीयबासीको गुनासो रहेको छ ।
- सडक, ढल, खानेपानी जस्ता मुख्य पूर्वाधार निर्माण, मर्मत संभार तथा हेरचाह गर्न सम्बन्धित निकायहरु जस्तै; सडक विभाग, नगरपालिका, जिल्ला विकास समिति तथा खानेपानी संस्थान बीच समन्वयको अभाव रहेको छ ।
- संचार क्षेत्रको विकास सन्तोषजनक रहेतापनि गुणस्तरीय सेवा अभिवृद्धिमा अपेक्षित सुधार हुन सकेको छैन ।
- विद्युत उत्पादनको लागि प्रचुर सम्भावनाको वावजुद यस क्षेत्रमा लगानीको अभाव रहेको छ । अपर्याप्त विद्युत आपूर्तिको कारण उद्योगहरु सञ्चालन गर्न तथा दैनिक घरायसी उपभोगमा समेत समस्या परेको छ ।

## ४.५ सरकारी राजस्व तथा खर्च र वैदेशिक व्यापार

- राजस्व छली र न्यून विजकीकरणलाई निराकरण गर्दै फराकिलो दायरा बनाई राजस्व संकलनलाई प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- स्थानीय निकायको चुनाव हुन नसक्नु, राजनैतिक अनिश्चितता विद्यमान रहनु, बजेट समयमै आउन नसक्नु लगायतका कारण राजस्व संकलन, विकास आयोजना निर्माण तथा औद्योगिक क्षेत्र विस्तारमा प्रतिकूल प्रभाव परेको छ ।
- औद्योगिक क्षेत्रमा कच्चा पदार्थको अभाव, अपर्याप्त उर्जा आपूर्ति लगायतका संरचनागत अबरोधका कारण उद्योगहरुको लागत वृद्धि हुन गई प्रतिस्पर्धात्मक क्षमता तथा गुणस्तरीय उत्पादन अभिवृद्धि हुन नसकेकोले वैदेशिक व्यापारमा देशगत तथा वस्तुगत विविधिकरण गर्ने कार्य चुनौतीपूर्ण छ ।

***